प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## डिप्लोमा/प्रमाणपत्र तहको पूर्ण शुल्कीय भर्ना प्रकृयाको नतिजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/०६/०९

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७८/०४/३० र २०७८/०५/१८ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित शैक्षिक सत्र २०७८/७९ को डिप्लोमा/प्रमाणपत्र तहको पूर्ण शुल्कीय तर्फको आवेदन फाराम भर्ने सम्बन्धी सूचना बमोजिम बागमती प्रदेश अन्तर्गत सञ्चालित आंगिक, साझेदारी, सामुदायिक विद्यालयहरु र निजी स्तरमा सञ्चालन स्वीकृती पाएका शिक्षण संस्थाहरुले तोकिएको मिति र समय भित्र प्रवेश परीक्षा आवेदन फाराम भराइ परीक्षा नियन्त्रण कार्यालयले तोकेको सम्पूर्ण प्रकृया पुरा गरी उल्लेखित सूचनाको बुँदा नं. ७ बमोजिम तयार गरी गोप्य रुपमा प्राप्त हुन आएका नतिजालाई परिषद् परीक्षा नियन्त्रण कार्यालयको निर्देशन बमोजिम रुजु गरी प्रकाशित गरिएको व्यहोरा सूचित गरिन्छ । सम्बन्धित शिक्षण संस्थाहरुले नतिजा तयार पार्ने क्रममा प्रशिक्षार्थीहरुको एस.एल.सी./एस.इ.इ./प्रा.एस.एस.सी. तहको परीक्षामा प्राप्त गरेको प्राप्तांकमा फरक पर्न गइ वा नतिजा तयारीमा कुनै किसिमको त्रुटी देखिन आएमा सो को जिम्मेवार सम्बन्धित शिक्षण संस्थाहरु नै हुने व्यहोरा समेत जानकारी गराइन्छ। प्रवेश परीक्षाबाट सफल मुख्य प्रशिक्षार्थीहरुलाई सम्बन्धित शिक्षण संस्थाहरुले सुचना मार्फत मिति २०७८/०६/२४ गतेसम्म र वैकल्पिक प्रशिक्षार्थीहरु मध्येबाट योग्यताक्रम अनुसार मिति २०७८/०७/०४ गतेसम्म कार्यालय समय भित्र भर्ना गर्नु पर्नेछ। वैकल्पिक प्रशिक्षार्थीहरुको भर्ना गर्ने क्रममा प्राप्तांक बराबर भएको अवस्थामा सूचनाको बुँदा नं. ७ मा उल्लेखित गणित, विज्ञान र अंग्रेजी विषयको र सो योग्यता समेत बराबर भएको अवस्थामा सोही बुँदाको 'ई' बमोजिम र उक्त योग्यता/वर्ग समेत बराबर भएको अवस्थामा प्रशिक्षार्थीको कक्षा ८ को जिल्ला/पालिका स्तरीय परीक्षाको लब्धांक पत्रको उच्चतम अंक र सो को प्राप्तांक समेत बराबर भएको अवस्थामा कक्षा ८ को क्रमशः गणित, विज्ञान र अंग्रेजी विषयको प्राप्तांकको आधारमा योग्यताक्रम निर्धारण गरी भर्ना गर्नु पर्नेछ । भर्ना भएका प्रशिक्षार्थीहरुको कक्षा सञ्चालन तथा रजिष्ट्रेशन लगायतका कार्यहरु परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट जारी सूचना एवं निर्देशन बमोजिम गर्नु गराउनु हुन समेत जानकारी गराइन्छ। प्रकाशित नतिजा परिषद्को वेबसाइट www.ctevt.org.np तथा यस प्रदेश कार्यालयको वेबसाइट www.ctevtbagmati.org.np मा हेर्न सकिनेछ।

**निर्देशक**